आज मितिः२०७८।०९।२२ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | सावित्रा |
| २१ | पूर्णकला सुनार | सदस्य | पूर्णकला |
| २२ | वासुदेव खनाल | सचिव | |

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
मिति: २०७८।०९।२२

कार्यपालिका बैठकका प्रस्तावहरु-

१. संघीय समपुरक तथा विशेष अनुदानका योजना छनोट सम्बन्धमा।

२. ७०/३० को बजेट बांडफाड।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनोट सम्बन्धमा।

४. धानवालीमा पुगेको क्षेतीको सम्बन्धमा।

५. आगामी आर्थिक वर्ष ०७९।८० को लागि आय व्ययको प्रक्षेपण सम्बन्धमा।

६. बिविध

## निर्णयहरुः-

### निर्णय नं. १

आ.व. ७८।७९ मा संघीय सरकारको विशेष अनुदानको लागि माग गर्न निम्नानुसारका योजनाहरु छनोट गरी पठाउने।

| सि.नं. | योजनाको नाम |
|---|---|
| १ | महेन्द्र मा.वि. विद्यालय भवन निर्माण |
| २ | लक्ष्मणघाट मा.वि. विंद्यालय भवन निर्माण |
| ३ | हेमराज उ.मा.वि. विद्यालय भवन निर्माण |
| ४ | ओदारी मा.वि. विद्यालय भवन निर्माण |

आ.व. ७८।७९ मा संघीय सरकारको समपुरक अनुदानको लागि माग गर्न निम्नानुसारका योजनाहरु छनोट गरी पठाउने।

| सि.नं. | योजना |
|---|---|
| १ | बनगाई-मोतिपुर-कपिलधाम (वडा नं. ७-९ जोड्ने सडक) |
| २ | मैनहरा-कर्महना सडक (वडा नं. ३-११ जोड्ने सडक) |
| ३ | कोपवा-हरनामपुर-जगदिसपुर सडक (बाणगङ्गा र कवनपा जोड्ने सडक) |
| ४ | बनगहवा-विरपुर-भेलैया-बनकट्टा सडक |
| ५ | शान्ति डाँडा-ठाटी (वडा नं. ३-४ जोड्ने सडक) |
| ६ | मनहरापुर देखि शिवमन्दिर हुँदै बैदौली चोक सडक |

### निर्णय नं. २

यस कार्यालयको चालु आ.व. ०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको रु.२करोड बजेटलाई ७०/३० तर्फ रु. १ करोड ४०लाख र ५०/५० तर्फ रु. ६० लाख बाडफाँड गर्ने।

७०/३० तर्फ

| सि.नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | कोपवा-बनगाई सडक कालोपत्रे | २५,००,०००।- |
| २ | रमेश खड्काको घर देखि प्रहरी बिट अधुरो पुरा गर्दै बुद्ध रङशाला जोड्ने सडक कालोपत्रे | १०,००,०००।- |
| ३ | मटेरिया सडक स्तरोन्नती र नाली निर्माण | १०,००,०००।- |
| ४ | बहादुरपुर वडा नं. १० सडक कालोपत्रे | १०,००,०००।- |
| ५ | भुसाल टोल सडज कालोपत्रे | १०,००,०००।- |
| ६ | मधुवन-गंगहवा सडक कालोपत्रे | १०,००,०००।- |
| ७ | ब्रण्डौली -ढोडेकोल सडक कालोपत्रे | १०,००,०००।- |
| ८ | त्रिलोकपथ सडक कालोपत्रे | १०,००,०००।- |
| ९ | बालापुर- वडा नं.१० सडक कालोपत्रे | १०,००,०००।- |
| १० | पिपरा- वडा नं. १० सडक | १०,००,०००।- |
| ११ | मर्थी कुलामा कलभर्ट र २०० मि. कालोपत्रे | १०,००,०००।- |
| १२ | टिकाराम पौडेलको घरदेखि कृष्ण गैरेको घरसम्म सडक कालोपत्रे | १०,००,०००।- |

५०/५० तर्फ

| सि.नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | तिनैयाडाँडाको सडक स्तरोन्नती वडा नं. २ | ३०,००,०००।- |
| २ | वडा नं. ९ अन्तर्गत सामुदायिक भवन निर्माण | ३०,००,०००।- |

**निर्णय नं. ३**

चालु आर्थिक वर्ष २०७८।७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त बजेट रकमबाट यस नगरकार्यपालिकाको बैठकबाट वडालाई तोकिएको सिलिङ अनुसार कार्यान्वयन हुने गरी निम्नानुसारका योजनाहरु छनोट गर्ने।

| सि.नं. | वडा नं. | योजनाको नाम |
|---|---|---|
| १ | १ | पक्की नाली निर्माणःविरेन्द्र खाणको घर देखि मधु मल्ल चोक सम्म वडा बाट साझेदारी स्वरुप |
| २ | | बुङ्ची हरि बहादुर क्षेत्रीको घर देखि महेन्द्र राजमार्ग सम्म नाली निर्माण वडा बाट साझेदारी स्वरुप |
| ३ | २ | राजपुर पश्चिमबाट पुर्व तर्फ जाने सडकमा नाली निर्माणका लागि |
| ४ | | तिनैया डाँडामा रिटनिङ वाल निर्माण |
| ५ | ३ | सामुदायिक भवन निर्माण ठाँटी ट्रस सहित |
| ६ | | बभनी मुर्गिया टोलमा सामुदायिक भवन निर्माण |
| ७ | | राजापानी सामुदायिक वनमा पैदल मार्ग निर्माण (अधुरो) |
| ८ | ४ | फगुवा पक्की कुलो निर्माण |
| ९ | ५ | कोपवा ठुलो पोखरी सरसफाई तथा उधान निर्माण |
| १० | | सिमलखोर चनचाईन माई उधान निर्माण |
| ११ | | मटेरिया गोरियाधाम उद्यान निर्माण |
| १२ | ६ | तिन मोहने देखि ईन्द्रमणीको घर सम्म पक्की कुलो निर्माण |
| १३ | | मनोहारीपुर जिउनास निर्माण |
| १४ | | सामुदायिक भवन निर्माण अमौली |
| १५ | ७ | धैरेनीडाँडा टोलको सडक दुवै तर्फ नाली निर्माण तथा माटो पटान वडा बाट साझेदारी स्वरुप |
| १६ | ८ | शान्तीकुन्ज मधुवनधाम जग्गा संरक्षण तथा वृक्षारोपण मधुवन लक्ष्मी नारायण पोखरी मरमत संभार |
| १७ | ९ | माडवाङ कूलोदेखि वर्दहवा बोरिङसम्म नहर मर्मत तथा वर्दहवा गाउँमा नाली निर्माण |
| १८ | १० | ठूलो ठेकई नाली निर्माण |
| १९ | | पटना बाँध निर्माण |
| २० | | वडा कार्यालयभित्र सिंचाईकूलो निर्माण |
| २१ | ११ | ओदारी, वरवा, जचपुरा, दक्षिणचेतिया देउवापारमा बाँध तथा नहर निर्माण |
| २२ | | हथौसा, वरवा, ओदारी, भडसडवा तथा विभिन्न टोल वस्तीमा नाली निर्माण |
| २३ | | ओदारी देउवापार खानेपानीको पाईप जडान |

**निर्णय नं. ४**

मिति २०७८ असोज ३१ देखि कार्तिक ३ गते सम्म अविरल रुपमा परेको बेमौसमी वर्षाको कारण कृषकको धान वाली नोक्सानी भएको र सोको प्रारंभिक विवरण वडा कार्यालय मार्फत लिई सकिएकोले सो विरण समेतको आधारमा वडागत रुपमा क्षतिको यथार्थ लगत तयार गर्नु पर्ने भएकोले सबै वडाकार्यालयबाट नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८/०८/०२ को निर्णय अनुसार स्वीकृत बेमौसमी वर्षाको कारण धान वालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८ अनुसार विवरण तयार गरि नगरपालिकामा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ५**

यस बाणगङ्गा नगरपालिकाको आ.व.०७९।८० को लागि राजस्व परामर्श समितिबाट प्राप्त प्रतिवेदन अनुसार निम्नानुसारको आय व्ययको प्रक्षेपण गर्ने।

**निर्णय नं. ६ (विविध)**

१. हाल तराईका अधिकांश भागमा चिसो बढेसँगै हुस्सु र शीतलहर चल्ने सम्भावना रहेकोले यस्तो समयमा असहा अपाङ्ग, जेष्ठ नागरीक, सुनौला १००० दिनका आमाहरु र बालबालिकाहरु बढी प्रभावित हुनसक्ने भएकोले सबै वडाहरुले आ-आफ्नो वडाका सामुदायिक वनहरुसंग समन्वय गरी चोक चोकमा आगो ताप्ने व्यवस्था मिलाउने।

२. नगरका कृषि विकास, पशु सेवा, महिला वालवालिका, जेष्ठ नागरिक र व्यवसाय दर्ता नविकरण जस्ता कार्यहरुको लागि २०७८।०९।२५ गतेदेखि घुम्ति शिविर संचालन गर्ने।

३. मिति २०७८ असोज ३१ देखि कार्तिक ३ गते सम्म अविरल रुपमा परेको बेमौसमी वर्षाको कारण कृषकको धान वाली नोक्सानी भएको र सोको प्रारम्भिक विवरण वडा कार्यालय मार्फत लिई सकिएकोले सो विवरण समेतको आधारमा वडागत रुपमा क्षतिको यथार्थ लगत तयार गर्नु पर्ने भएकोले सबै वडा कार्यालयहरुबाट नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८/०८/०२ को निर्णय अनुसार स्वीकृत बेमौसमी वर्षाको कारण धान वालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८ अनुसार विवरण तयार गरी नगरपालिकामा उपलब्ध गराउने व्यवस्था मिलाउने।

४. बाणगंगा नगर कार्यपालिकाको मिति २०७८।८।२३ गते भएको वैठकको निर्णय अनुसार वडा नं. ४ मा रहेको शान्ति आधारभुत विद्यालय डुङ्गहवाका प्राथमिक तृतीय श्रेणीका स्थायी शिक्षक श्री विष्णुप्रसाद पौडेललाई वडा नं. ८ को जनसेवा आधारभुत विद्यालय मोर्मीको समान स्तर पदमा सरुवा पदस्थापना गरिएकोमा कार्यरत विद्यालयवाट नि.मा.वि. तहमा अंग्रेजी विषय पढाउन शिक्षक अभाव रहेकोले निजलाई रमाना नदिने भन्ने माग अनुसार आजको वैठकवाट उक्त सरुवालाई वदर गर्ने।

५. स्यानीटरी ल्याण्डफिल्ड साईट, आयुर्वेद औषधालय र वाणगङ्गा नदी संरक्षणको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने।

६. २०७८ असोजमा आएको अविरल वर्षाका कारण भएको क्षतीको विवरण प्राप्त भई यस नगरपालिकाको विपद व्यवस्थापन समितिबाट भुक्तानिको लागि निर्णय भएअनुसार केही नामहरुमा त्रुटी भएको भन्ने विषय आएकोले त्यस्तो त्रुटी हुन गएको भए सम्बन्धीत वडाकार्यालयले पठाएको सिफारिस पत्रानुसार सच्चाई भुक्तानी उपलब्ध गराउने।

अन्य उपस्थिती

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठगराज पौडेल | स्वा. प्रशासन प्रमुख | |
| २ | राम प्रसाद सापकोटा | रोजगार शाखा | |
| ३ | लोक बहादुर के.सी. | का.वि.अ. | |
| ४ | मदन प्र. घिमिरे | राजस्व शाखा | |
| ५ | सुरज घिमिरे | इन्जिनियर | |
| ६ | लक्ष्मी पौडेल भट्टराई | सहायक कम्प्युटर अपरेटर | |
| ७ | सुशिला पन्थ | म.वि.नि. | |
| ८ | हरिना गाहा | सि.म.वि.नि. | |
| ९ | तेज ब. मौर्य | ब.व.नि. | |
| १० | सुनिल श्रेष्ठ | इन्जिनियर | |
| ११ | बाबुराम भट्टराई | उपसचिव | |
| १२ | शान्तराज आचार्य | योजना शाखा | |
| १३ | केशवराज भट्टराई | प्रशासन शाखा प्र. | |
| १४ | मिलन पोखरेल | सूचना प्र. अधिकृत | |
| १५ | सन्तोष थापा | सहकारी शाखा | |
| १६ | दीपक थापा | प्रशासन शाखा | |
| १७ | खिम ब. जि.सी. | शिक्षा शाखा | |
| १८ | हरिकान्त रेग्मी | प्रशासन शाखा | |
| १९ | भक्तिराम पाण्डे | स्वास्थ्य शाखा | |
| २० | नारायण पन्थी | प्रशासन शाखा | |
| २१ | प्रदिप कुमार थापा | जिन्सी शाखा | |
| | | | |
| | | | |
| | | | |